का. जि. का. दर्ता नं : १०४/०५७/०५८
म. क्षे. हु. नि. दर्ता नं : ०८/०६७/०६८

# अपाङ्ग आवाज
# DISABILITY VOICE

वर्ष १५, अङ्क १०, पूर्णाङ्क १८२, २०७३ माघ

सल्लाहकार
तारा वदन सेडाई
प्रकाश पन्थ

सम्पादक
सुदर्शन सुवेदी

संयोजक
जगदीशप्रसाद अधिकारी

व्यवस्थापक
शर्मिला विश्वकर्मा

पत्रकार
गणेश सुवेदी

स्थानीय प्रतिनिधि
विवेक खड्का
विष्णु शर्मा
दल बहादुर सुनार
मदन पौडेल
संगीता पौडेल

लेआउट/डिजाइन/बजार प्रतिनिधि
सुनिल वि. क.

कभर डिजाइन
Creative
Kamaladi, Kathmandu PH: 9851115202

मुद्रक
सनराइज अफसेट प्रेस
डिल्लीबजार, काठमाण्डौं

प्रकाशक
नेपाल अपाङ्ग मानव अधिकार केन्द्र
केन्द्रिय कार्यलय
बौद्ध ६- नयाँ बस्ती, काठमाण्डौं,
पो. ब. नं: १९४०८
फ्याक्स - ५१५५१३४, फोन: ५१५५१३४
Email: dvoice@dhrcnepal.org.np
Web: www.dhrcnepal.org.np

संस्थागत सहयोग रु. १००/-

## यसभित्र

अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्रको भवन उद्घाटन ४
आय-आर्जनबाट जीवनयापन गर्न सफल केही अपाङ्गता भएका व्यक्तिहरू १७
जेष्ठ राष्ट्रिय खेलाडी सम्मानित २५
तनहुँमा सहायक सामाग्री वितरण ३३
बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रको ५ औ अधिवेशन सम्पन्न ३९

## समयमै पढ्न पाइयोस्

सम्पादक ज्यू नमस्कार

म अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित पाठक हुँ । मैले विगत ३ वर्ष देखि यो पत्रिका पढ्दै आएको छु । तर केही महिना यता अपाङ्ग आवाज मासिक पत्रिका समयमा नै प्राप्त हुन सकेको छैन । किन होला ? जसले गर्दा अपाङ्ग आवाज मासिक पत्रिकाका सामग्री समयमा नै अध्ययन गर्न नपाउँदा ज्यादै खल्लो लागिरहेको छ । यो पत्रिका अपाङ्गता भएका व्यक्तिहरूका कथा–व्यथा कविता, विचार तथा विभिन्न जिल्लामा भएका अपाङ्गता सम्बन्धी गतिविधिहरू समावेश हुने हुँदा यो पत्रिका समयमा नै पढ्न मन लाग्छ । त्यसैले अबका दिन देखि यो पत्रिका समयमा नै प्रकाशित गर्नको लागि अनुरोध गर्दछु ।

*मनोज शाक्य, भक्तपुर*




## सबै ठाउँमा पुग्न आवश्यक छ

अपाङ्ग आवाज परिवारमा मेरो नमस्कार छ । म यो अपाङ्ग आवाज मासिक पत्रिकाको नियमित पाठक हुँ । आजकाल त यो पत्रिकामा अपाङ्गता भएका व्यक्तिहरूका विषय बस्तुहरूलाई समावेश गरेर हाम्रो समाजमा घटेका विभिन्न घटनाहरूलाई समावेश गरेर नाटकहरू पनि लेखेको पाए । साथै आगामी दिनहरूमा यो पत्रिकाले निरन्तरता पाउनको साथै देशका विभिन्न क्षेत्रहरूमा पनि सहज रूपमा उपलब्ध भएमा सबैले अपाङ्गताको अवस्था, अपाङ्गता भएका व्यक्तिहरूले प्राप्त गर्ने सेवा सुविधा तथा अधिकारको बारेमा जानकारी पाउने छन् । त्यसैले अबका दिनमा यो पत्रिकालाई नेपालका सबै ठाउँहरूमा पुर्याउनको लागि सहयोग गरिदिनु होला ।

*मनु कार्की, पर्वत*

## संघर्षको कथा पनि समावेश गरियोस्

आदरणीय सम्पादक ज्यू, नमस्कार ।

म अपाङ्ग आवाज पत्रिकाको नियमित पाठक तथा शुभचिन्तक पनि भएकोले सकेसम्म यो पत्रिका पढ्न छुटाउँदिन । पछिल्लो केही समय यता अपाङ्गता भएका व्यक्तिहरूका लागि राज्यले प्रदान गरेका सेवा सुविधाका बारेमा जानकारी दिनु भएको छ । त्यो ज्यादै सराहनीय छ । केही समय यता अपाङ्गता भएका व्यक्तिहरूका संघर्षहरु समावेश नभए जस्तो लाग्यो । त्यसैले अबका दिनमा संघर्षशील अपाङ्गता भएका व्यक्तिहरूका जीवन कहानी पनि समावेश गर्नको लागि अनुरोध गर्दछु।

*विक्रम गैरे, कास्की*

## चेतना जगाउन सहयोग गरेको छ

आदरणीय सम्पादक ज्यू, नमस्कार । म अपाङ्ग आवाज पत्रिकाको नियमित पाठक हुँ । यस पत्रिका र रेडियो कार्यक्रम मार्फत अपाङ्गहरूको हक हितका बारेमा बढी जोड दिएको पाइयो र यसले गर्दा अपाङ्गहरूको हक हितमा विकास भएको पनि प्रत्यक्ष रूपमा देख्न र सुन्नमा आएको छ । केही थाहा नभएर विचलित भएकाहरूलाई केही मात्रामा भए पनि हक अधिकार के हो भन्ने कुरा थाहा पाउने आधार बनेको छ । निःशुल्क शिक्षाका कुरा देखि लिएर हरेक क्षेत्रमा यहाँहरुले पुऱ्याएको योगदानको कदर नगरिरहन सक्दिन । यस पत्रिका निरन्तर आइरहोस् यही शुभकामना साथै नयाँ वर्षको पनि शुभकामना ।

*बवि थापा, रामेछाप*

# अपाङ्गता भएका व्यक्तिहरूका लागि आवश्यक सहयोगी सामाग्री

विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरू मध्ये केही अपाङ्गता भएका व्यक्तिहरूलाई सहयोगी सामाग्रीको आवश्यक हुने गर्दछ । ह्वीलचिएर, वैशाखी, सेतो छडी, श्रवण यन्त्र, विशेष प्रकारको जुत्ता, क्रचेस, कृतिम हात खुट्टाहरू लगायतका सामाग्रीहरू विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूले प्रयोग गर्ने सहायक सामाग्रीहरू हुन । यस्ता सामाग्रीहरूको सहयोगमा सहायक सामाग्री प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरूले आफ्ना दैनिक कार्यहरू सम्पन्न गर्ने गर्नु हुन्छ । यस्ता सामाग्रीहरूको सहयोगमा उनीहरूले आफ्ना कार्यहरू सम्पन्न गर्न सक्षम हुन्छन् । तर हाम्रो समाजमा रहेका अधिकांश अपाङ्गता भएका व्यक्तिहरूले आफूलाई उपयुक्त हुने सहायक सामाग्रीहरूको सहज रूपमा उपभोग गर्न नपाएको गुनासो गर्नु हुन्छ । नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले पनि अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्था मार्फत आवश्यक सहायक सामाग्री वितरण गर्ने कार्य गर्दै आएको छ । त्यसै गरी राष्ट्रिय अपाङ्ग पुनर्स्थापना केन्द्र अनामनगरले पनि ह्वीलचिएर प्रयोग गर्ने अपाङ्गता भएका व्यक्तिहरूलाई ह्वीलचिएर वितरण गर्ने, नेपाल नेत्रहिन संघले दृष्टिविहिन व्यक्तिहरूको लागि सेतो छडी उपलब्ध गराउने र अन्य संघ संस्थाहरूले पनि विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सहायक सामाग्री वितरण गर्दै आएको छ । नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले पनि सहायक सामाग्री आवश्यक हुने अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क रूपमा वितरण गर्दै आएको छ । सो मन्त्रालयले पाँचवटा विकास क्षेत्र मार्फत विभिन्न प्रकारका सहायक सामाग्रीहरू वितरण गर्दै आएको छ । जस्तै पूर्वाञ्चलमा सि.वि.आर. विराटनगर, मध्यमाञ्चलमा राष्ट्रिय अपाङ्ग कोष, पश्चिमाञ्चलमा ग्रिनपाश्चर अस्पताल, सुदुरपश्चिमाञ्चलमा एल.एन.डब्लु.ए. भन्ने संस्था मार्फत सहायक सामाग्रीहरू उत्पादन गरेर निःशुल्क रूपमा वितरण गर्दै आएको छ । यसरी सहायक सामाग्री वितरण गर्दा सहायक सामाग्री आवश्यक हुने अपाङ्गता भएका व्यक्तिहरूले आफ्नो जिल्लामा काम गर्ने अपाङ्गता सम्बन्धी संस्थासँग समन्वय गरेर यस्ता सामाग्रीको उपयोग गर्नु तर्फ लाग्नु पर्दछ । त्यसै गरी सहायक सामाग्री वितरण गर्ने निकायहरूले पनि सबै ठाउँमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँचमा सहायक सामाग्री उपलब्ध गराउन जरुरी छ ।

# अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्रको भवन उद्घाटन

नेपाल अपाङ्ग अधिकार केन्द्र अपाङ्गता भएका व्यक्तिहरूको हक हित, मानव अधिकार संरक्षण प्रवर्द्धन गर्ने एक गैर सरकारी संस्था हो । यो संस्था वि. सं. २०५६ सालमा अपाङ्गता भएका युवाहरूको सक्रियतामा काठमाण्डौंमा स्थापित गरिएको हो । संस्थाले स्थापना कालदेखि सूचना, सञ्चार, मानव अधिकार सचेतना, वकालत, पैरवी, निःशुल्क कानुनी सहायता प्रदान गर्ने लगायतका कार्यहरू गर्दै आएको छ । विगतका दिनहरू काठमाण्डौंका विभिन्न स्थानहरूमा घर भाडामा लिएर कार्यालय सञ्चालन गर्दै आएको यो संस्थाले यही माघ २६ गते काठमाण्डौंको नयाँ बस्ती जोरपाटीको गगन नगरमा आफ्नै अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको भवन निर्माण कार्य सम्पन्न गरी वरिष्ठ समाज सेवी एवं




*नेपाल अपाङ्ग अधिकार केन्द्रको अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको भवन उद्घाटन गर्नु हुँदै वरिष्ठ समाज सेवी एवं वरिष्ठ कलाकार द्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य ।* **तस्विर : प्रतिक कर्माचार्य**



कपिलमुनी उप्रेती, अध्यक्ष,
सुगम नगर विकास समाज

**सक्दो सहयोग गर्ने छौ**

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्रको भवन बनाएर समाज सेवाको क्षेत्रमा महत्वपूर्ण काम गर्नु भएको छ । यस कार्यमा हामी स्थानीय संघ संस्था तथा स्थानीय बासिन्दाहरुको तर्फबाट पनि सक्दो सहयोग गर्ने छौ । हाम्रो समाजमा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको हक अधिकार सुनिश्चित गर्नका लागि हामीले पनि सक्दो सहयोग गर्ने छौ । आगामी दिनमा पनि हामी तपाईहरुको साथमा रहने छौ । यो कार्यालय भवन बनाउनु भएकोमा यहाँहरु सबैको प्रगतिको कामना गर्दछु ।

वरिष्ठ कलाकार द्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आर्चायद्वारा समुद्घाटन कार्यक्रम सम्पन्न गरेको छ । काठमाण्डौंको मित्रपार्क देखि करिब ३

**उत्तर उत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना**

आज यो नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले आफ्नै अपाङ्गता मैत्री संरचना सहितको सूचना तथा श्रोत केन्द्रको स्थापना गरेको छ । उक्त कार्यको लागि म नेपाल अपाङ्ग मानव अधिकार केन्द्रलाई विशेष धन्यवाद र बधाई दिन चाहन्छु । यो संस्थाले अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकारको लागि वकालत गर्ने, जनचेतना जगाउने काम पनि गरेको छ । यस्ता विभिन्न कामहरुले सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गरेको छ । आज यो भवनको उद्घाटन नेपालका प्रख्यात कलाकार तथा समाज सेवी द्धोय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यबाट भएको छ । आगामी दिनहरुमा पनि नेपाल अपाङ्ग मानव अधिकारको हरेक कार्यमा सक्दो सहयोग गर्ने नै छौ । यो संस्था लगाएत सम्पूर्ण अपाङ्गता भएका व्यक्तिहरुको अझ उत्तर उत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्न चाहन्छु ।



भवानी खरेल, अध्यक्ष,
मानव अधिकार प्रतिष्ठान

किलोमिटर अर्थात् २५ सय मिटर बागमती खेलाको किनारा हुँदै जोरपाटी स्थित गोठाटार

जाने पुलबाट २ सय मिटर पर देब्रे साइडबाट थोरै अगाडि जोरपाटीको नयाँ बस्ती स्थित गगननगर चोकमा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको आफ्नै अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको भवन निर्माण भएको छ । उक्त अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको भवन वरिष्ठ समाज सेवी एवं वरिष्ठ कलाकार द्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले संयुक्त रूपमा रिबन काटेर समुद्घाटन गर्नु भयो।

वि. सं. २०५६ सालमा काठमाण्डौंमा स्थापना भएको नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको हक हित र अधिकारको लागि काम गर्दै आएको छ। यो संस्थाले अपाङ्गता भएका व्यक्तिहरूको लागि निःशुल्क कानुनी सेवा प्रदान गर्नुको साथै अपाङ्गता भएका व्यक्तिहरूका विभिन्न सवालका विषयमा मासिक रूपमा अपाङ्ग आवाज मासिक पत्रिका प्रकाशन गर्नुको साथै साप्ताहिक रेडियो कार्यक्रम प्रसारण गर्ने कामलाई पनि निरन्तरता दिँदै आएको छ। स्थापना काल देखि भाडामा

**अपाङ्गता मैत्री संरचना बनाउने तर्फ लागि परेका छौ**

आज नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले आफ्नै अपाङ्गता मैत्री भवन बनाएको छ । यो ज्यादै खुशीको कुरा हो । हामीले पनि विभिन्न समयमा पनि नेपाल अपाङ्ग मानव अधिकार केन्द्रसँग मिलेर विभिन्न कामहरुमा सहकार्य गरेर काम गरेका छौ । हामीले हाम्रो संस्थामा पनि अपाङ्गता भएका व्यक्तिहरुको सहभागिताको लागि पनि काम गर्ने छौ । अब हामीले विभिन्न स्थानमा अपाङ्गता मैत्री संरचना बनाउने तर्फ लागि परेका छौ र अपाङ्गता भएका व्यक्तिहरुको लागि हामीले आवश्यक परेको खण्डमा सक्दो सहयोग गर्ने छौ । यसका साथै यो नेपाल अपाङ्ग मानव अधिकार केन्द्रलाई यो अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्रको भवन निर्माण गरेकोमा धेरै धेरै बधाई दिदै अझ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुलाई समावेश गरेर यो केन्द्रले काम गर्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु ।



उत्तम पुडाशैनी, महासचिव,
मानव अधिकार तथा शान्ति समाज

कार्यालय सञ्चालन गर्दै आएको नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले गत मंसिर १ गते काठमाण्डौंको जोरपाटीको नयाँ बस्ती स्थित गगननगर चोकमा महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह–सचिव शंकर पाठकले उक्त अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको भवनको शिलान्यास गर्नु भएको थियो। नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको आफ्नै अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको भवन उद्घाटन कार्यक्रममा नेपालका वरिष्ठ समाज सेवी एवं वरिष्ठ कलाकार द्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य प्रमुख अतिथि हुनु हुन्थ्यो। उहाँहरूले उक्त भवन उद्घाटन कार्यक्रममा शुभकामना मन्तव्य प्रस्तुत गर्ने क्रममा अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताको आधारमा हेला, घृणा गर्न नहुने, विभिन्न अवसरबाट वञ्चित गर्न नहुने तथा उनीहरूलाई समाजमा नकारात्मक सन्देश प्रवाह हुने गरी हास्य पात्रको रूपमा प्रस्तुत गर्न नहुने बताउँदै शुभकामना मन्तव्य दिनुको साथै आफूहरूले अहिले सम्म समाजमा



*नेपाल अपाङ्ग अधिकार केन्द्रको अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको भवन उद्घाटन गर्नु हुँदै वरिष्ठ समाज सेवी एवं वरिष्ठ कलाकार द्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्य।* **तस्विर : प्रतिक कर्माचार्य**




*नेपाल अपाङ्ग अधिकार केन्द्रको अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको नवनिर्मित भवन ।* **तस्विर : शर्मिला विश्वकर्मा**

अपाङ्गता भएका व्यक्तिहरू प्रति सकारात्मक सन्देश दिने खालका कार्यक्रमहरू प्रस्तुत गरेको र आगामी दिनमा पनि यस्ता कार्यहरूमा सधैँ अगाडि बढ्ने बताउनु भएको थियो । यसै क्रममा महिला

## अपाङ्गताको क्षेत्रमा काम गर्नको लागि प्रेरणा मिलोस

म सर्व प्रथम त नेपाल अपाङ्ग मानव अधिकार केन्द्रलाई ह्दय देखि नै धेरै धेरै धन्यवाद तथा बधाई दिन चाहन्छु । आज यो केन्द्रले अपाङ्गता भएका व्यक्तिहरुलाई सूचना प्रवाह गर्ने उदेश्यले आफ्नै अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्रको निर्माण गरेको छ । हामीले अपाङ्गता भएका व्यक्तिहरु प्रति संवेदनशिल हुनको लागि सभ्य भाषाको प्रयोग गर्नु पर्दछ । त्यसै विभिन्न संघ संस्थाहरुको नामाकारण गर्दा पनि सभ्य भाषाको प्रयोग गर्न जरुरी छ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले जुन प्रगती देखाएको छ । यस कार्य प्रति खुशी व्यक्त गर्न चाहन्छु । यो स्रोत केन्द्रको उत्तर उत्तर प्रगतीको कामना गर्दै सबैले नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको काममा सक्दो सहयोग गरौं । यो संस्थाले आगामी दिनमा पनि अपाङ्गताको क्षेत्रमा काम गर्नको लागि प्रेरणा मिलोस धन्यवाद ।



शिव रायमाझी, राष्ट्रिय संयोजक, माइराइट नेपाल

## हामी आफ्नो संस्थागत रुपमा सक्दो सहयोग गर्ने छौ

हाम्रो समाजमा राजनीतिक हिसावले धेरै सकारात्मक परिवर्तनहरु आइ सकेका छन् । नेपालले मानव अधिकारका धेरै महान्धीहरुमा पनि हस्ताक्षर गरि सकेको छ । अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धिमा पनि हस्ताक्षर गरि सकेको छ । तर कार्यन्वयनको अवस्था भने सोचे जस्तो भएको पाइदैन । अहिले नेपालमा मानव अधिकार तथा अपाङ्गता मैत्री वातावरण छ की छैन वा त्यसको लागि के गर्नु पर्दछ भन्ने विषयमा हामी सबै एक जुट भएर लाग्नु पर्दछ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले आज अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकारको पक्षमा सधै वकालत गर्दै आएको छ भने सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुले सहज रुपमा सूचना प्राप्त गर्न सकुन भनेर अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्रको स्थापना गरेको छ । यो काम ज्यादै उदारहणिय काम हो । यो कामले सबैलाई प्रेरणा मिल्ने छ । हामीले विभिन्न समयमा पूर्ण रुपमा सबै निकायका संरचनाहरु अपाङ्गता मैत्री हुन भनेर आवाज उठाई रहेका छौ तर पनि त्यो पूर्ण रुपमा अपाङ्गता मैत्री बन्न सकेका छैनन । यो कार्यमा पनि हामी आफ्नो संस्थागत रुपमा सक्दो सहयोग गर्ने छौ । यो सूचना केन्द्र बनाउन सहयोग गर्नु हुने सबैलाई धेरै धेरै बधाई तथा धन्यवाद दिन चाहन्छु ।



कृष्ण गौतम्, उपाध्यक्ष,
गैर सरकारी संस्था महासंघ

शिलान्यास गर्नु भए पश्चात् निर्माण गरिएको नेपाल अपाङ्ग मानव अधिकारको आफ्नै अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको भवन उद्घाटन कार्यक्रममा यो भवन निर्माणका क्रममा आर्थिक तथा विभिन्न रूपले सहयोग गर्नु हुने समाज सेवी, सञ्चारकर्मीहरू इमेज च्यानलका प्रतीक लामिछाने र नेपाल टेलिभिजनकी समाचार सम्पादक तथा पत्रकार महासंघ नेपालकी उपाध्यक्ष अनिता विन्दु तथा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रद्वारा निर्मित यो भवन निर्माण गर्न सहयोग पुर्याउनु हुने अपाङ्गताको क्षेत्रमा काम गर्ने तथा अन्य संघ संस्थाहरूलाई सम्मान पनि गरिएको थियो । काठमाण्डौंको

बालबालिका तथा समाज कल्याण मन्त्रालयका उपसचिव डोरेन्द्र निरौलाले महिला मन्त्रालयले अहिले सम्म अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूको सहकार्यमा काम गर्दै आएको बताउँदै यो भवन निर्माण भएकोमा शुभकामना पनि व्यक्त गर्नु भयो ।

महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सह–सचिव शंकर पाठकले



प्रकाश वाग्ले, राष्ट्रिय निर्देशक, सि.वि.एम.

## नेपाल अपाङ्ग मानव अधिकार केन्द्र परिवारलाई विशेष धन्यवाद

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रलाई म मेरो व्यक्तिगत तथा संस्थागत रुपमा यो सूचना केन्द्रको निर्माण गर्नु भएकोमा विशेष धन्यवाद तथा बधाई दिन चाहन्छु । हामीले पनि देशका सबै निकायहरु अपाङ्गता मैत्री, बालमैत्री, महिला मैत्री संरचना हुनु पर्ने भनेर वकालत गरि रहेका छौ । तर त्यो अहिले सम्म अपाङ्गता मैत्री हुन सकेको छैन । सि.वि.एम.ले विभिन्न सरोकारवाला निकायका मन्त्रालयका व्यक्तिहरुलाई समावेश गरेर अपाङ्गता मैत्री संरचना निर्माणको लागि तालिम पनि दियौ । तर त्यो त्यति पूर्ण रुपमा अपाङ्गता मैत्री बन्न सकेका छैनन् । हामीले अपाङ्गता मैत्री संरचना निर्माणको लागि नमूनाको रुपमा काम गर्न जरुरी छ । हामीले अपाङ्गता मैत्री संरचनाको लागि यातायात तथा आफ्ना कामहरु सबै अपाङ्गता मैत्री बनाउन जरुरी छ । विकासको प्रतिफल अपाङ्गता भएका व्यक्तिहरुले कसरी लिन्छन् भन्ने कुरामा ध्यान दिन जरुरी छ । यो नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले निर्माण गरेको यो अपाङ्गता मैत्री सूचना केन्द्रले अन्य संघ संस्थाहरुको पनि ध्यानकार्षण हुने छ । यो एक उदारहणिय काम हुने छ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको अझ उत्तर उत्तर प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु र नेपाल अपाङ्ग मानव अधिकार केन्द्र परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु ।

जोरपाटी स्थित नयाँ बस्ती गगननगर चोकमा निर्माण गरिएको नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको अपाङ्गता मैत्री सूचना




*नेपाल अपाङ्ग अधिकार केन्द्रको अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको भवन उद्घाटन कार्यक्रमको एक झलक ।* तस्विर : गणेश सुवेदी

तथा स्रोत केन्द्रको एउटा बैठक कक्ष सहित ५ वटा कोठाको भूकम्प प्रतिरोधात्मक भवन निर्माण गरिएको छ । जहाँ सबै कोठाहरूमा सहज रूपमा ह्वीलचिएर जान सक्ने बनाइएको छ भने अपाङ्गता मैत्री २ कोठे शौचालयको पनि निर्माण गरिएको छ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले संस्थाको भौतिक विकासका लागि आफ्नै अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको निर्माण गरेको हो । आगामी दिनमा यो भवनमा विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई सहज हुने गरी तालिम हलको निर्माण गर्ने पनि नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको योजना रहेको छ । नेपाल अपाङ्ग मानव

**अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र भवन निर्माण गरेकोमा बधाई छ**

आज मलाई नेपाल अपाङ्ग मानव अधिकार केन्द्र ले सम्मानित गरेको छ । त्यसको लागि म ज्यादै खुशी छु । यो सम्मानले मलाई हौसला तथा प्रोत्साहन पनि मिलेको छ । साथै अबका दिनमा अपाङ्गता भएका व्यक्तिहरु प्रति मेरो जिम्मेवारी पनि थपिएको छ । मैले धेरै पहिला देखि नै सहकार्य गरेर काम गर्दै आएको थिए र आज नेपाल अपाङ्ग मानव अधिकार केन्द्र को आफ्नै अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र भवनको निर्माण भएर उद्घाटन भएको छ यो कार्यले अत्यन्तै खुशी लागेको छ । साथै नेपाल अपाङ्ग मानव अधिकार कन्द्रले अपाङ्गता भएका व्यक्तिहरुलाई चेतना जगाउने, समाजमा पनि चेतना फैलाउने, सकारात्मक सन्देश दिने, उनीहरुका हक अधिकार लगाएतका कामको लागि अगाडि बढ्नु भएको छ । आगामी दिनमा पनि उहाँहरुको सक्रिएता यसरी नै बढ्दै जावस् म शुभकामना र बधाई दिन चाहन्छु । म पनि आफ्नो संस्थागत रुपम नेपाल अपाङ्ग मानव अधिकार केन्द्र सँग सँगै रहेर अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकारको कार्यमा सहकार्य गर्दै आएको छु । आगामी दिनमा पनि म अपाङ्गता भएका व्यक्तिहरुको लागि काम गर्ने छु । अहिले विभिन्न सञ्चार माध्यमहरुमा अपाङ्गता भएका व्यक्तिहरुलाई हिनताबोध हुने शब्द प्रयोग गर्ने गरेको पाइएको कारण हामीले अपाङ्गता भएका व्यक्तिहरु प्रति यस्ता नकारात्मक शब्दहरु प्रयोग गर्न नहुने भनेर एक निर्देशिका पनि तयार गरेका छौ । हामीहरुले अपाङ्गता भएका व्यक्तिहरु प्रति सकारात्मक सन्देश दिने गरी काम गर्नु पर्दछ । यो संस्थाको प्रगतिको शुभकामना व्यक्त गर्दछु ।



अनिता विन्दु, सञ्चारकर्मी तथा उपाध्यक्ष, नेपाल पत्रकार महासंघ


अधिकार केन्द्रले अपाङ्गता भएका व्यक्तिहरूका सवाललाई सम्बन्धित निकाय सम्म पुर्याउनको लागि अपाङ्ग आवाज रेडियो कार्यक्रम र मासिक पत्रिका मार्फत पनि काम गर्दै आएको छ। यति मात्र नभएर विभिन्न समयमा विभिन्न प्रकारका सन्देश मूलक रेडियो जिङ्गल निर्माण गरि प्रसारण गर्ने, विभिन्न चेतना मूलक टेलिशृङ्खलाहरू निर्माण गरेर टेलिभिजन मार्फत प्रसारण गर्ने काम पनि गर्दै आएको छ । यो आज आफ्नै अपाङ्गता मैत्री भवन निर्माण गरेर अपाङ्गता क्षेत्रमा काम गर्ने सहज वातावरणको निर्माण गरेको छ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले संस्था स्थापना काल देखि सूचना सञ्चार, मानव अधिकार सचेतना, वकालत पैरवी, कानुनी सहायता, सामाजिक सरोकारका

## फेरि नेपालमा अपाङ्गताको क्षेत्रमा काम गर्न धेरै उत्साहित छौ

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र ले अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र को भवन निर्माण गरेको छ । मलाई ज्यादै खुशी लागेको छ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्र को स्थानिय स्रोत साधनलाई परिचालन गरि अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र को भवन निर्माण गरेको छ यो एक सुर्वण अवसर पनि हो अपाङ्गता जगतको विकासको लागि । यूके एड् डि.डि.पि. अर्थात डिसेविलिटि डेब्लप्मेन्ट पार्टनरले नेपाल अपाङ्ग मानव अधिकार केन्द्र सँग विगत १२ वर्ष देखि सहकार्य गरेर काम गर्न पाएकोमा म धेरै खुशी छु । यो १२ वर्षमा हामीले नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको लागि धेरै महत्वपूर्ण कामहरु गरेका छौ । यसको उदारहणका रुपमा धेरै कानूनी वकालतको काम भएका छन् । साथै आय आर्जनका कामहरु पनि गरेका छौ । पछिल्ला केही समयमा हामीले नेपालमा अपाङ्गता भएका व्यक्तिहरुको आर्थिक शसक्तिकरणका कामहरु गरेका छौ जसको कारण उहाँहरुको आर्थिक अवस्थामा सहयोग भएको छ । हामी उनीहरुको आर्थिक अवस्था उकास्नको लागि फेरी नेपालमा अपाङ्गताको क्षेत्रमा काम गर्न धेरै उत्साहित छौ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्र ले अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र को भवन निर्माण गरेकोमा डि.डि.पि. यूके ज्यादै हर्षित भएको छ । म पुनः नेपाल अपाङ्ग मानव अधिकार केन्द्र लाई बधाई दिन चाहन्छु ।



म्यागी ओवेन,
फन्डरेजिङ्ग अफिसर, डि.डि.पी. युके



डोरेन्द्र निरौला, उपसचिव, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय

## मन्त्रालय अपाङ्गता क्षेत्रमा काम गर्न सधै तत्पर रहेको छ

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले आज आफ्नै अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र को भवन निर्माण गरेर एक उदारहणिय काम गरेको छ । यस कार्यलाई अपाङ्गताको क्षेत्रमा काम गर्ने अन्य विभिन्न संघ संस्थाहरुले पनि अपनाउन जरुरी देखिन्छ । यो सुरुवात ज्यादै राम्रो छ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्र तथा नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय विच सहकार्य गरेर हामीले अपाङ्गताको क्षेत्रमा काम गर्दै आएका छौ । महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले नेपाल अपाङ्ग मानव अधिकार केन्द्र को सहकार्यमा अपाङ्ग आवाज रेडियो कायक्रम प्रशारणको लागि सहयोग गरेका छौ । नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले अपाङ्गताको क्षेत्रमा विभिन्न तालिमहरु सञ्चालन गर्ने, नीति निर्माण गर्ने, सहयोगी सामाग्री वितरण लगाएत विभिन्न निर्देशिकाहरुलाई कार्यन्यवनको लागि काम गर्दै आएको छ । आगामी दिनमा पनि यो मन्त्रालय अपाङ्गता क्षेत्रमा सक्दो सहयोग गर्ने छ ।

## यो उदाहरणिय कामको लागि नेपाल अपाङ्ग मानव अधिकार केन्द्र लाई धन्यवाद

नेपाल अपाङ्ग मानव अधिकार केन्द्र ले अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र निर्माणको लागि छिटो नै शिल्यास गर्नु भयो र छिट्टै नै यो भवन निर्माण पनि गर्नु भयो यसका साथै यो भवनको उद्घाटन पनि गर्नु भयो । नेपाल अपाङ्ग मानव अधिकार केन्द्र को यो ज्यादै महत्वपूर्ण काम हो । यस्तो प्रविधिबाट काम गर्दा कस्तो हुन्छ भन्ने उदाहरण पनि देखाउनु भयो । यो कामले अबका दिनमा अन्य संघ संस्थाहरुले पनि यो प्रविधि अपनायो भने काम चाडो पनि हुने खर्च पनि कम हुने र भूकम्प प्रतिरोधात्मक पनि हुने हुन्छ । यस्तो किसिमको भवन बनाएर यो उदाहरण काम गर्नु भएकोमा नेपाल अपाङ्ग मानव अधिकार केन्द्र लाई धन्यवाद दिन चाहन्छु । नेपाल अपाङ्ग मानव अधिकारको संरक्षण र अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रवर्धन गर्ने काममा तपाईहरु निरन्तर लागि रहनु होस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु र संस्थाको उत्तर उत्तर प्रगतीको कामना गर्दछु ।



नरबहादुर लिम्बु, निर्देशक, नेपाल नेत्रहिन संघ

## सबैको साथ र सहयोगले यसरी अगाडि बढ्न सकिएको छ

यो नेपाल अपाङ्ग मानव अधिकार केन्द्र सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको लागि काम गर्ने एक गैर सरकारी संस्था हो । यो संस्थाले विभिन्न स्वदेशी तथा विदेशी संघ संस्था तथा अपाङ्गता भएका व्यक्तिहरुको साथ र सहयोग मार्फत काम गर्दै जाने क्रममा आज निकै सफलताको सिँढी चढ्न सफल भएको छ । यसरी नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, अन्य सरकारी निकायहरु, विभिन्न मन्त्रालयहरु, अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न स्वदेशी तथा विदेशी संघ संस्था तथा मानव अधिकारकर्मीहरु, स्थानिय निकायहरुको साथ र सहयोगका कारण आज नेपाल अपाङ्ग मानव अधिकार केन्द्र ले आफ्नै अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र को भवन निर्माण गर्न सफल भएको छ । यस कार्यमा सहयोग गर्नु हुने सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छौ । आगामी दिनमा पनि यस्तै साथ र सहयोगको अपेक्षा गर्दछौ ।



तारावदन सेडाई, अध्यक्ष, नेपाल अपाङ्ग मानव अधिकार केन्द्र

## अपाङ्गता मैत्री तालिमको लागि अर्को भवन निर्माण गर्ने योजनामा छौ

वि.स. २०५६ सालमा अपाङ्गता भएका युवाहरुद्धारा हामीले नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको स्थापना गरियो । यो संस्थाले स्थापना काल देखि नै विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको हक हित र अधिकार सुनिश्चित गर्नका लागि, अपाङ्गताको बारेमा चेतना जगाउनको लागि काम गर्दै आएको छ । आज हामी नेपाल अपाङ्ग मानव अधिकार केन्द्र का कार्य समितिका साथीहरु, कर्मचारी साथीहरु देश तथा विदेशका साथीहरु, स्थानिय निकाय, नेपाल सरकार र अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुको साथ र सहयोगमा आज हामीले नेपाल अपाङ्ग मानव अधिकार केन्द्र को आफ्नै अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र को भवन निर्माण गर्न सफल भएका छौ । अब आगामी दिनमा पनि हामीले यहाँ सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको पहुँच पुग्ने गरी अपाङ्गता मैत्री तालिमको लागि अझ २ वटा भवन निर्माण गर्ने योजनामा छौ । यो भवन अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरुलाई विभिन्न कार्यक्रम गर्नको लागि सहज हुने छ । यस कार्यमा पनि यहाँहरु सबैको साथ सहयोग मिल्ने छ भन्ने लागेको छ । हाम्रो यो कार्यमा सहयोग गर्नु हुने सबैलाई म ह्दृय देखि धन्यवाद दिन चाहन्छु ।



सुदर्शन सुवेदी, अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ नेपाल

मुद्दा मार्फत सर्वोच्च अदालतबाट न्याय दिलाउने लगायतका कामहरू गर्दै आएको छ।

यो संस्थाको पहलमा वि. सं. २०६० सालमा अपाङ्गता भएका व्यक्तिहरूलाई सरकारी शैक्षिक संघ संस्था मार्फत निःशुल्क पढ्न पाउने भनि सर्वोच्च अदालतबाट फैसला भएको थियो । त्यसै गरी वि. सं. २०६९ सालमा पूर्ण तथा अति असक्त अपाङ्गता भएका व्यक्तिहरूको लागि सहयोगी सहितको सामाजिक सुरक्षा भत्ताको व्यवस्था गर्नु पर्ने भनेर पनि फैसला गराउन सफल भएको थियो । यो संस्थाले काठमाण्डौं भन्दा बाहिरका जिल्लाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको



हरिवंश आचार्य,
वरिष्ठ कलाकार एवं वरिष्ठ समाज सेवी

**सकारात्मक सन्देश दिन तर्फ लागि पर्ने छौ**

म नेपाल अपाङ्ग मानव अधिकार केन्द्र लाई ह्दय देखि नै विशेष धन्यवाद र बधाई दिन चाहन्छु । उहाँहरुले आज अपाङ्गता जगतको लागि एक उदारहणिय काम गर्न सफल हुनु भएको छ । अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र बनाउनु भएको छ । अपाङ्गता भन्ने कुरा जहिले पनि जसलाई पनि हुन सक्छ । अपाङ्गलाई नकारात्मक रुपमा लिन हुदैन । उनीहरुको समस्यालाई सबैले आफ्नो समस्याको रुपमा लिनु पर्दछ । विगतको तुलनामा यो पछिल्लो समयमा केही सकारात्मक परिर्वतन भने आएको छ । अपाङ्गता भएका व्यक्तिहरुको लागि राज्यले काम त गर्दै छ तर त्यो पूर्ण हुन सकेको छैन । यस कार्यक्रमा नेपाल अपाङ्ग मानव अधिकार केन्द्र जस्ता धेरै संघ संस्थाहरुले काम गर्दै आउनु भएको छ । जसको कारणले अपाङ्गताको क्षेत्रमा केही सकारात्मक परिर्वन आएको छ । हामीले विगतका दिन देखि विभिन्न टेलिचलचित्र, विभिन्न सन्देशहरु बनाएर चलचित्र मार्फत सन्देश प्रवाह गरेका छौ । आगामी दिनमा पनि हामी अपाङ्गता प्रति यस्तै सकारात्मक सन्देश दिन तर्फ लागि पर्ने छौ । सरकारले पनि यस्ता सन्देश दिने चलचित्र निर्माण हुन जरुरी छ । विभिन्न टेलिभिजनहरुले पनि अपाङ्गता प्रति सन्देश फैलाउन जरुरी छ । यो नेपाल अपाङ्ग मानव अधिकार केन्द्र ले यो भवनको उद्घाटन गर्ने पवित्र कामको अवसर दिनु भयो । यसको लागि यहाँहरुलाई धेरै धेरै धन्यवाद । आगामी दिनमा पनि हामी तपाईहरुसँग सहकार्य गरेर काम गर्ने छौ । यहाँहरुको कार्यमा हाम्रो पनि साथ र सहयोग रहि रहने छ ।



मदनकृष्ण श्रेष्ठ,
वरिष्ठ कलाकालर एवं
वरिष्ठ समाज सेवी

## आगामी दिनमा पनि अपाङ्गता क्षेत्रमा सक्दो सहयोग गर्ने छौ

आज नेपाल अपाङ्ग मानव अधिकार केन्द्र ले निर्माण गरेको यो अपाङ्गता मैत्री सूचना तथा श्रोत केन्द्र को भवन उद्घाटन गर्ने अवसर मिल्यो । यो पवित्र कार्यमा सहभागि हुन पाएकोमा ज्यादै खुशी लागेको छ । हामी सबै मिलेर एकले अर्कालाई आवश्यक परेको खण्डमा सहयोग गरेमा कुनै पनि अपाङ्गता भएका व्यक्तिहरुले अपाङ्गता महशुष गर्नु पर्दैन । हाम्रो देशको वि.स. २०६२/६३ को जन आन्दोलनमा पनि विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको साथ र सहयोगले नै आज देशको सकारात्मक परिर्वतनका लागि पनि सहयोग भयो । हामी धेरै पहिला देखि नै अपाङ्गता भएका व्यक्तिहरुसँग सहकार्य गरेर समाजमा सकारात्मक सन्देश दिने खालका विभिन्न कामहरु गर्दै आएका छौ । विभिन्न टेलिचचित्रहरु पनि निर्माण गर्ने र विभिन्न सञ्चार माध्यमहरुबाट प्रशारण गर्ने गरिएको छ । हामीले अपाङ्गता भएका व्यक्तिहरुलाई चोट पुग्ने खालका शब्दहरु प्रयोग गर्नु हुदैन । सभ्य भाषाको प्रयोग गर्नु पर्दछ । उनीहरुलाई होच्याएर बोल्न हुदैन । हामी उनीहरुको लागि सभ्य भाषा प्रयोग गर्ने क्रममा हामी सचेत हुन जरुरी छ र अपाङ्गता भएका व्यक्तिहरुलाई बिग्रेको भत्केका कुराहरुसँग दाँज्न हुदैन । अपाङ्गता प्रति हामी सबै सचेत हुन जरुरी छ । हामी अपाङ्गता सम्बन्धी काम गर्ने विभिन्न संघ संस्थाहरुसँग नजिक छौ । यो केन्द्र को भवन निर्माण भयो भन्ने कुराले मलाई ज्यादै खुशी लाग्यो । आगामी दिनमा यो संस्थाको अझ प्रगतिको शुभकामना व्यक्त गर्न चाहन्छु र हामीले पनि आगामी दिनमा पनि अपाङ्गता क्षेत्रमा सक्दो सहयोग गर्ने छौ र सबै नागरिकहरु यो वर्ग प्रति संवेदनशिल हुन जरुरी छ ।

आय आर्जनका लागि पनि काम गर्दै आएको छ । नेपाल अपाङ्ग मानव अधिकार केन्द्रको अपाङ्गता मैत्री सूचना तथा स्रोत केन्द्रको उद्घाटन कार्यक्रममा स्थानीय समाज सेवी व्यक्तिहरू, मानव अधिकारकर्मीहरु, अपाङ्गताको क्षेत्रमा काम गर्ने विभिन्न संघ संस्थाहरूका प्रतिनिधिहरूको सक्रिय सहभागिता रहेको थियो भने कार्यक्रममा सहभागीहरूले संस्थाले अपाङ्गताको क्षेत्रमा सकारात्मक सन्देश प्रवाह गर्ने तथा उदाहरणीय काम गरेको भन्दै शुभकामना व्यक्त गर्नु भएको थियो।

# आय-आर्जनबाट जीवन यापन गर्न सफल भएका केही अपाङ्गता भएका व्यक्तिहरू

नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले सन् २०१४ अप्रिल देखि सन् २०१७ मार्च सम्मका लागि डि.डि.पी. यूके एड सँगको संयुक्त साझेदारीमा पश्चिम नेपालमा रहेका अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक स्तर उकास्ने, आय-आर्जनका कार्यक्रमहरू सञ्चालन गरी जीवनयापनमा सहजता ल्याउने उद्देश्यले "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना"(जि.पि.ए.एफ.) सञ्चालन गरेको छ । यो परियोजना तनहुँ जिल्लाको अपाङ्गता भएका व्यक्तिहरूको अधिकार र विकासका लागि श्रोत केन्द्र (रिसेड), दाङ जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपाल, बर्दिया जिल्लाको अपाङ्ग पुनर्स्थापना केन्द्र र सुर्खेत जिल्लाको अपाङ्ग सशक्तिकरण केन्द्र गरी ४ वटा स्थानीय जिल्ला साझेदार संस्थाहरूसँगको साझेदारीमा सञ्चालन गरिएको हो । ती सबै जिल्लाहरूमा अपाङ्गता भएका व्यक्तिहरूको आर्थिक अवस्थामा सुधार ल्याउनको लागि आय-आर्जन हुने खालका विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएको छ । ती जिल्लाहरू मध्ये दाङ जिल्लाको अपाङ्ग मानव अधिकार एवं सरोकार मञ्च नेपालमा "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" अन्तर्गत विभिन्न व्यवसाय सञ्चालन गरी आय-आर्जन गर्न सफल हुनु भएका केही अपाङ्गता भएका व्यक्तिहरूको सफलताको कथा प्रस्तुत गरिएको छ ।

## बाख्रा पालनबाट आय-आर्जन गर्दै

## भूमा पौडेल

दाङ जिल्ला लक्ष्मीपुर गा.वि.स. वडा नं. ९ निवासी भूमा पौडेल एक बौद्धिक अपाङ्गता भएको व्यक्तिको अभिभावक हुनुहुन्छ । दुई छोरी र एक छोरा गरी ३ जना सन्तानकी आमा भूमा पौडेलको २ छोरी पछि तेस्रो सन्तानको रूपमा जन्मेको छोरा १० महिनाको हुँदा घरको सिँढीबाट लडेर टाउकोमा चोट लागेपछि उहाँमा बौद्धिक समस्या उत्पन्न भयो । यसका साथै २ वर्ष पछि उहाँको जीवनसाथी हरेक दुःख सुखका साथी श्रीमानले पनि ३ जना छोरा छोरीको



कि भनेर एक दिन भूमा पौडेल दाङ जिल्लामा स्थापना भएको अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपालमा जानु भयो र आफ्नो समस्या राख्नु भयो । त्यस पछि नेपाल अपाङ्ग मानव अधिकार केन्द्रले डि.डि.पी. यू.के.एड. सँगको संयुक्त साझेदारीमा दाङ जिल्लामा रहेको अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपाल द्वारा सञ्चालित पश्चिम नेपालमा भएका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना अन्तर्गत बाख्रा पालनको लागि एउटा बाख्रा

जिम्मेवारी श्रीमती भूमा पौडेललाई सुम्पेर यो संसारबाट बिदा भएपछि ३ जना छोरा-छोरी, ८३ वर्षीय वृद्ध आमाको जिम्मेवारी उहाँले नै लिन पर्‍यो ।यस्तो अवस्थामा श्रीमानको मृत्यु भइसकेपछि ती छोरा छोरी र वृद्ध सासूलाई कसरी पालन पोषण गर्ने, बौद्धिक अपाङ्गता भएको छोराको हेरविचार कसरी गर्ने भन्ने चिन्ताले भूमालाई सताउन थाल्यो । यो समस्याको समाधानको लागि केही उपाय पाइन्छ

उपलब्ध गराए पछि बाख्रा पालन तर्फ लाग्नु भयो । यसरी सो परियोजनाको सहयोगमा बाख्रा पाल्दै जाने क्रममा एउटा बाख्राले २ पटकमा ४ वटा पाठापाठी पाएपछि तिनीहरूको हेरचाहमा लाग्नु भयो । यो बाख्रा पालनबाट उहाँको आर्थिक स्तरमा सहयोग भयो र सोही बाख्रा बाट भएको आम्दानीले अहिले उहाँको घरमा खाना पुगेको छ । यसरी बाख्रा पाल्ने क्रममा उहाँले स्वावलम्बन समूहबाट बाख्रा पालनको तालिम

पनि लिनु भएको छ । विगतको तुलनामा उहाँको आर्थिक अवस्थामा पनि राम्रो सुधार आएको छ। जसले गर्दा उहाँ नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, डि.डि.पी. यू.के.एड. र दाङ जिल्लाको अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपाललाई धेरै-धेरै धन्यवाद व्यक्त गर्नु हुन्छ।

## आरन पेशाबाट आय--आर्जन गर्नु हुँदै चामबहादुर वि. क.

दाङ जिल्लाको लक्ष्मीपुर गा.वि.स. वडा नं ९ निवासी ५८ वर्षीय चामबहादुर वि. क. शारीरिक अपाङ्गता भएको व्यक्ति हुनुहुन्छ। उहाँ जन्मेको ७ वर्षको उमेरमा बिरामी भएको कारण देब्रे खुट्टा सुकेर सानो र कमजोर भएको कारण शारीरिक अपाङ्गता हुनु भयो । दलित र अपाङ्गता भएकै कारण उहाँले सामाजिक रूपमा विभिन्न चुनौतीहरूको सामना गर्नु पर्‍यो। तर पनि उहाँले आफूमा भएको अपाङ्गता देखेर कहिल्यै हरेस खानु भएन । ती विभिन्न चुनौतीहरूको सामना गर्दै अगाडि बढ्नु भयो। चामबहादुर १८ वर्षको हुँदा उहाँले गाउँकै रामकली वि. क. सँग विवाह गर्नु भयो। हाल उहाँका ६ जना छोरी र ३ जना छोरा गरी ९ जना सन्तान भएपनि हाल उहाँ, श्रीमती र १ जना छोरा गरी ३ जना सँग बस्नु हुन्छ । छोरीहरूको विवाह भइसक्यो भने अरू २ जना छोराहरू छुट्टिएर बसेका छन्। पेशाको रूपमा चामबहादुर वि. क. ले आरनको कामलाई निरन्तरता दिँदै आउनु भएको छ । आरनको कामबाट त्यति सोचे जस्तो आम्दानी नहुने, राम्रो खालको आरन नभएको कारण र फलाम



किन्नको लागि पर्याप्त मात्रमा पैसा नहुँदा ज्यादै कठिन अवस्था थियो । यस्तो कठिन अवस्थामा उहाँले आफूले जानेको पेशालाई निरन्तरता दिन र सहज रूपमा आय-आर्जन गर्नको लागि केही सहयोग हुन्छ कि भनेर दाङ जिल्लाको अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपालमा आफ्नो समस्याको बारेमा बताउनु भयो । त्यस पछि उक्त संस्थाले नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, डि.डि.पी. यू.के.एड. र अपाङ्ग मानव अधिकार सरोकार मञ्च नेपाल दाङको साझेदारीमा सञ्चालन भएको "पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" अन्तर्गत उहाँलाई आरनको अर्थात् फलामको काम गर्नको लागि केही फलामहरू सहयोग गरियो र उक्त सहयोगबाट फलामका भाँडाहरू बनाउने, हँसिया, चक्कू, चुलेसी, खुकुरी, दाउ आदि बनाएर बेच्ने र दैनिक रूपमा रु. पाँच सय देखि एक हजार सम्म आम्दानी गर्न थाल्नु भयो । जसले गर्दा आज उहाँको परिवारको जीवनयापनमा सहजता भएको छ, बिहान-बेलुकाको छाक टार्नको लागि कसैसँग हात फैलाउन परेको छैन । यो सहयोगले उहाँको जीवनयापनमा सहजता ल्याएको कारण नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, डि.डि.पी. यू.के.एड. र अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपाललाई हृदयदेखि नै धन्यवाद दिनु हुन्छ ।

## तरकारी खेतीमा आकर्षित कल्पना

दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ६ निवासी कल्पना परियार शारीरिक अपाङ्गता भएकी महिला हुनुहुन्छ । देब्रे खुट्टा कमजोर भएको कारण उहाँ शारीरिक अपाङ्गता हुनुहुन्छ । दुई छोरी र एक छोरा र श्रीमान सहित उहाँको ५ जनाको परिवार छ । आर्थिक अवस्था कमजोर भएको कारण कल्पनालाई ५ जनाको परिवार पाल्न निकै कठिन थियो । आय-आर्जनको नाममा कुनै व्यवसाय थिएन । अर्काको मेलापात गरेर बिहान बेलुकाको छाक टार्नु पर्ने बाध्यता थियो । सम्पतीको नाउमा ऐलानी जग्गामा कच्चा घर र तरकारी खेती गर्ने थोरै ऐलानी जग्गा बाहेक केही छैन । तर पनि आय-आर्जनको लागि कही कतैबाट सहयोग मिल्छ कि भनेर सहयोगीको खोजीमा भने कल्पना परियार हुनुहुन्थ्यो । वि. सं. २०७१ सालमा कल्पना परियारको दाङ जिल्लामा रहेको अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपालले नेपाल अपाङ्ग मानव अधिकार केन्द्र र डि.डि.पी. यू.के.एड.को साझेदारीमा सञ्चालित "पश्चिम नेपालका

अपाङ्गता भएका व्यक्तिहरूको गरिबी निवारण परियोजना" अन्तर्गतको जीविकोपार्जन अधिकृत भूमा चौधरीसँग भेट भयो । यसै क्रममा उहाँले आफ्नो समस्या भूमा चौधरीसँग



राखे पछि तरकारी खेती गर्नको लागि सो परियोजनाबाट रु. ९ हजार रुपैयाँ सहयोग उपलब्ध भयो । सोही रकमबाट कल्पना परियारले मौसम अनुसारका विभिन्न प्रकारका तरकारी खेती गर्नुभयो, यथेष्ट तरकारी फलाउनु भयो र त्यो तरकारी व्यवसायबाट आएको पैसाले एउटा बाख्रा किन्नु भयो र बाख्रा पालन व्यवसायलाई पनि सँगै लैजानु भयो । तरकारी खेतीबाट कल्पना परियारले आफ्नो घरपरिवारका अन्य सदस्यहरूको जीवनयापनलाई पनि सहज बनाउन सफल हुनु भएको छ । आफूले चाहे अनुसारको व्यवसाय गरेर आय-आर्जन गरी जीवनयापन सहज बनाउन सहयोग गर्नुहुने यो परियोजना सञ्चालन गर्ने नेपाल अपाङ्ग मानव अधिकार केन्द्र,डि.डि.पी. यू.के.एड. र अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपाल दाङ लाई कल्पना परियार मुरी-मुरी धन्यवाद दिनुहुन्छ ।

## आय-आर्जनको लागि बंगुर पाल्दै खिदिया चौधरी

दाङ जिल्ला रामपुर गा.वि.स. वडा नं. ६ सुकेडागीकी खिदिया चौधरी बहु-अपाङ्गता भएकी महिला हुनुहुन्छ । उहाँको बोलीमा र ढाडमा समस्या छ भने उहाँका श्रीमान पनि सामान्य बौद्धिक अपाङ्गता हुनुहुन्छ । दुई छोरा र एक छोरी गरी ३ जना सन्तान, श्रीमान र श्रीमती गरी ५ जनाको परिवारलाई सासू ससुराले हेला गरी छुट्याइदिए पछि माइतीको शरणमा बस्न थाल्नु भयो । खिदिया चौधरीकी दिदी राजकुमारी चौधरीले बहिनीको अपाङ्गता परिचय पत्र बनाउन सहयोग गर्नु भयो र उहाँले



'ख' वर्गको अपाङ्गता परिचय पत्र प्राप्त गर्नु भयो र गा.वि.स. बाट मासिक रु. ३ सय रुपैयाँ सामाजिक सुरक्षा भत्ता प्राप्त भयो । त्यो सामाजिक सुरक्षा भत्ताले उहाँको घरखर्चको लागि केही मात्रमा भएपनि सहयोग पुगे पनि बंगुर पालन गरी आय-आर्जन गरी जीवनयापन गर्ने चाहना भने पैसा जुटाउन नसकेको कारण अधुरो नै रहेको थियो । यसै क्रममा एक दिन पश्चिम नेपालका अपाङ्गता भएका व्यक्तिहरूको लागि सञ्चालन गरिएको जि.पि.ए.एफ. परियोजनाकी जीविकोपार्जन अधिकृत भूमा चौधरीसँग खिदिया चौधरीको भेट भयो । भूमासँग आफ्नो समस्याको बारेमा उल्लेख गर्दै आय-आर्जनका लागि सहयोग गरिदिनु भनी रीत पूर्वकको निवेदन दिनु भयो र छनौट समितिले उहाँलाई २ वटा बंगुरका पाठा उपलब्ध गराई सहयोग गऱ्यो । यो सहयोगबाट खिदिया निकै खुशी हुनुभयो र निकै मेहनतका साथ बंगुर पालन तर्फ लाग्नु भयो । बंगुरको पाठा पालेको ९ महिना पछि एउटालाई ४० किलोको बनाएर रु ८ हजारमा बेच्नु भयो भने अर्को ७५ किलोको भएको छ त्यो पनि बेचेर फेरि अर्का साना बंगुरका पाठा पालेर यो व्यवसायलाई निरन्तरता दिने सोच राख्नु भएको छ । अहिले यो परियोजना मार्फत बंगुर पालनमा सहयोग भएको कारण आर्थिक अवस्थामा पनि सुधार आएको छ भने ५ जनाको परिवारलाई बिहान बेलुकाको छाक टार्न पनि सहज भएको छ ।यसरी जीवनयापन गर्न, आय -आर्जन गरी आम्दानी गर्न सहयोग गर्नुहुने नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, डि.डि.पी. यू.के.एड. र अपाङ्ग मानव अधिकार एवम् सरोकार मञ्च नेपाल दाङलाई खिदिया चौधरी हृदयदेखि नै धन्यवाद दिनु हुन्छ ।

# ह्वीलचिएरको जीवन

नवराज कार्की, सुनसरी,
हाल काठमाण्डौं, जोरपाटी।

कसैलाई नहोस् तर हुँदो रहेछ एउटा पूर्ण जिन्दगी समस्याको जटिल परिस्थितिमा। हेराई, सोचाई र भोगाई बिल्कुलै फरक विषय हुन्। भोगाइबाट सिकेका मानसिक र शारीरिक कष्टहरू बयान गर्न पनि अति सरल र सहज भने छैन। विकट ठाउँमा शून्यतामा एउटै तनाव बोकेर बाँचेको व्यक्ति र समयको चेतनामा पौडिँदै भौतिक सम्पन्नतामा पूर्ण भएको एउटै समस्याको व्यक्तिमा भिन्नता धेरै पाइन्छ तर यस्तै छ कसैले कसैलाई सम्झने समय निष्ठुर छ।

यहाँ कुरा यो उठाउन खोजिएको हो। हिजो उकालो चढेको ओरालो झरेको व्यक्ति कुनै पनि कारण बस दुर्घटनामा परेर मेरुदण्डमा चोट लागि मेरुदण्ड पक्षघात भयो। (स्पाईनल कर्ड ईन्जुरी) जसको उपचार हाल सम्म असम्भव छ। नेपालमा मात्र नभइ संसारका कुनै पनि विकसित र सम्पन्न देशमा पनि मेरुदण्ड पक्षघात भइसके पछि चोटको क्षति अनुसार शरीरका अंगहरू जस्तै हात खुट्टा निष्कृय हुन्छन्। कोहीका घाँटी देखि कम्मरको तल्लो भाग निष्कृय हुनुका साथै दिशा पिसाब भएको पनि थाहा हुँदैन। तातो चिसो केही थाहा हुँदैन। शरीरको कम्मर भन्दा तल्लो भागमा चोट भए कमजोर र माथिल्लो भागमा चोट भएमा कडापना धेरै हुन्छ। माथिल्लो भागमा चोट लागेका व्यक्तिहरूको हातमा पनि समस्या आउँछ। कोही-कोही त घाँटी सम्म चोट लागे पछि सधैँका निम्ति खट्टासँगै हात सम्म चलाउन असमर्थ हुन पुग्छन्। जसले गर्दा धेरै जसो मेरुदण्ड पक्षघात भएका अपाङ्गता भएका व्यक्तिहरूले परनिर्भरतामा नै जिउनु पर्दछ। यो बाध्यता रहर नभए पनि स्विकार्नै पर्ने हुन्छ।

मेरुदण्ड पक्षघात भए पछि शरीरका अंगमा अरू क्षति नहोस् भनेर शारीरिक व्यायाम गराउनु अति आवश्यक पर्छ। त्यस्ता व्यायामले मेरुदण्ड पक्षघात भएको व्यक्तिलाई उसको घर परिवार र समाजमा पुनर्स्थापना गराउन र आत्मनिर्भर गराउनका लागि सक्षम बनाउने तर्फ लाग्नु पर्दछ।

यसका साथै हिँडडुल गर्नका लागि ह्वीलचिएरको आवश्यक हुने गर्दछ । जसको सहयोगले मेरुदण्ड पक्षघात भएको व्यक्तिलाई आफ्नो काम आफै गर्न सक्षम बनाउन सहयोग गर्दछ। साथै पिसाबको लागि अनुभवी डाक्टरको सल्लाह अनुसार सहायक सामाग्री प्रयोग गर्ने, दिशाको लागि समय तालिका मिलाई कपोट वा ह्वीलचिएर बाट विसर्जन गर्न सकिन्छ। तर हाम्रो समाजमा आफ्नो घरदेखि बाहिरी वातावरण ह्वीलचिएर मैत्री छैन । सबै मान्छेमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरूको समस्याको बारेमा ज्ञान हुँदैन देखेका आधारमा समस्यालाई बुझ्न कठिन हुन्छ। नेपालको परिपक्षमा मेरुदण्ड पक्षघात पछिको जीवन जिउन धेरै कठिनाइ छ । समयमा सहायक सामाग्री उपलब्ध हुन सक्दैनन् । सुगम ठाउँमा बाहेक दुर्गम क्षेत्रमा मेरुदण्ड पक्षघात भएका व्यक्तिहरूको जीवनशैली नाजुक छ । एउटा ह्वीलचिएर सम्म उपलब्ध हुँदैन, भए पनि ह्वीलचिएर जान सक्ने संरचना हुँदैन । दिशा पिसाबको कसरी समायोजन गर्ने भन्ने ज्ञान र अपाङ्गता अनुकूलको शौचालय सम्म पाइँदैन। कतिपय अवस्थामा त एउटै युरिन ब्याग, (पिसाब राख्ने थैली) पिसाब निस्कने पाइप महिनौ सम्म फेर्न नपाउनु, कति समयमा नयाँ सामाग्री कसरी प्रयोग गर्ने भन्ने जानकारी भए पनि किन्ने ठाउँ नहुनु, आर्थिक अभाव लगायतका समस्या आउँछ यसका साथै वाक-वाक लाग्ने, खान रुचि नहुने, काम ज्वरो आउने, अति तातो ज्वरो आउने, जस्ता अनेकौँ समस्याहरू देखा पर्दछन् । यस्ता विभिन्न समस्या समाधानको लागि अस्पताल, डाक्टरको पहुँचमा मेरुदण्ड पक्षघात भएको व्यक्ति पुग्न सकेका हुँदैनन् जसको कारण यस्ता अनेकौँ समस्याहरूसँग जुधि रहन बाध्य हुन पर्दछ।

त्यसैले मेरुदण्ड पक्षघात भएका व्यक्तिहरूका यस्ता विभिन्न समस्याहरूको समाधानको लागि हाम्रो समुदायले बुझ्नको साथै सरोकारवाला निकायहरूले विशेष ध्यान दिएर काम गर्न जरुरी छ। यसका साथै उनीहरूको स्वास्थ्योपचारको लागि पनि विशेष व्यवस्था हुनु पर्ने र स्वास्थ्य सेवामा उनीहरूको पहुँच पुग्नु पर्दछ । यसका लागि सम्बन्धित निकायले विभिन्न कार्यक्रम सञ्चालन गर्न जरुरी छ। मेरुदण्ड पक्षघातको बारेमा समाजका सबै निकायमा जानकारी गराउनुको साथै उनीहरूलाई पनि अन्य नागरिक सरह जिउन सक्ने वातावरणको सृजना गर्न तर्फ सबैको ध्यान केन्द्रित होस र मेरुदण्ड पक्षघात भएका अपाङ्गता भएका व्यक्तिहरूले पनि सहज रूपमा जीवन यापन गर्न सकुन । यस तर्फ सबैको ध्यान जान आवश्यक देखिन्छ।

# समाचार विविध

## जेष्ठ राष्ट्रिय खेलाडी सम्मानित

*रिता मुखर्जी शाह, ललितपुर, माघ २०७३*

बौद्धिक अपाङ्गताकी अभिभावक रिता मुखर्जीले नेपालको खेलकुद अन्तर्गत विगत लामो समय देखि सक्रिय रूपमा टेबुल टेनिस खेलमा योगदान पुऱ्याउनु भएको भन्दै सम्मान गरिएको छ । उहाँले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा टेबुल टेनिस खेलमा सफलता प्राप्त गर्दै आउनु भएको थियो । उहाँले नेपालको खेलकुद क्षेत्रमा संगठित भएर सक्रिय रूपमा खेल क्षेत्रको विकास र रूपान्तरणका लागि आफ्नो सिङ्गो जीवन समर्पण गर्नु भएको, नेपालको खेलकुदको इतिहासमा भएका उतार चढाव र संघर्षहरूमा प्रत्यक्ष सहभागी भइ खेल, खेलाडी र देशको लागि सधैँ दृढताका साथ अडिग रहेर आज सम्म पुऱ्याउनु भएको



*सम्मान पत्र ग्रहण गर्नु हुँदै बौद्धिक अपाङ्गताकी अभिभावक रिता मुखर्जी ।* तस्विर : रिता मुखर्जी

अतुलनीय योगदानको उच्च कदर गर्दै अन्तर्राष्ट्रिय जेष्ठ नागरिक दिवस २०१६ को शुभ अवसरमा उहाँलाई मनमोहन स्मृति प्रतिष्ठानले मदन भण्डारी स्पोर्टस एकेडेमी काठमाण्डौंमा सम्मान गरेको छ । सो सम्मान कार्यक्रमका प्रमुख अतिथि एवं नेकपा एमालेका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री के. पी. शर्मा ओलीले सम्मान पत्रद्वारा सम्मान गर्नु भएको थियो ।

## स्वर्गीय मुनिश्वर पाण्डेको १३ औ स्मृति कार्यक्रम

*१ पुष २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं*

राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजनामा सोही संस्थाका पूर्व अध्यक्ष स्वर्गीय श्री मुनिश्वर पाण्डेको १३ औ स्मृति कार्यक्रम काठमाण्डौंमा सम्पन्न भयो । उक्त कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालकी उपाध्यक्ष टिका दाहालले स्वर्गीय मुनिश्वर पाण्डेलाई अपाङ्गता आन्दोलनको




*राष्ट्रिय अपाङ्ग महासंघ नेपालको आयोजनामा काठमाण्डौंमा सम्पन्न स्वर्गीय श्री मुनिश्वर पाण्डेको १३ औ स्मृति कार्यक्रमको एक झलक* / तस्विर : शर्मिला विश्वकर्मा

योद्धाको रूपमा सम्झँदै उहाँको गुणलाई अनुसरण गर्दै अपाङ्गता भएका व्यक्तिहरूको हक हित र अधिकारको लागि काम गर्नु पर्ने बताउनु भयो । त्यसै गरी मुनिश्वर पाण्डे स्मृति समाजका अध्यक्ष भोजराज श्रेष्ठले राष्ट्रिय अपाङ्ग महासंघ नेपालले यो दिनलाई पात्रोमा समावेश गरि उहाँको सालिक बनाउनु पर्ने कुरामा जोड दिनु भयो । त्यसै गरी नेपाल नेत्रहिन संघका निर्देशक नरबहादुर लिम्बुले राष्ट्रिय अपाङ्ग महासंघ नेपालले स्वर्गीय श्री मुनिश्वर पाण्डेको स्मृति कार्यक्रमलाई निरन्तरता दिनु पर्ने बताउनु भएको थियो । त्यसै गरि राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व अध्यक्ष स्वर्गीय श्री मुनिश्वर पाण्डेकी धर्म पत्नी निर्मला धितालले स्वर्गीय श्री मुनिश्वर पाण्डेको प्रेरणाले गर्दा नै आफू अपाङ्गता भएका व्यक्तिहरूको हक हित र अधिकारको लागि काम गरेको बताउनु भयो । सोही क्रममा उहाँले स्वर्गीय श्री मुनिश्वर पाण्डेको सम्मानको लागि राष्ट्रिय अपाङ्ग महासंघ नेपालले कामहरू गर्नु पर्ने बताउँदै आउँदो वर्षमा उहाँको नाममा स्मारिका ल्याउने जानकारी दिनु भयो । राष्ट्रिय अपाङ्ग महासंघ नेपालका पूर्व अध्यक्ष स्वर्गीय श्री मुनिश्वर पाण्डेको १३ औ स्मृति कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले स्वर्गीय श्री मुनिश्वर पाण्डेको कामलाई संस्थागत गर्नु पर्ने, समाज कल्याण परिषदको अनुमति भएमा उहाँको राष्ट्रिय अपाङ्ग महासंघ नेपालको प्राङ्गणमा उहाँको सालिक निर्माण गर्ने, अबका वर्षहरूमा उहाँको सम्झनामा अपाङ्गताको क्षेत्रमा काम गर्ने पत्रकारहरू, समाज सेवीहरू, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका कर्मचारीहरू, अपाङ्गता भएका व्यक्तिहरूलाई रोजगार दिने तथा सेवा सुविधा दिने निकायहरूलाई पुरस्कृत गर्ने राष्ट्रिय अपाङ्ग महासंघ नेपालको योजना रहेको बताउनु भयो । सोही कार्यक्रममा २५ औ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा स्वयंसेवक गर्नु भएका हिमालयन र क्रिटन कलेजका ५७ जना विद्यार्थीहरू र पत्रकारिताको माध्यमबाट अपाङ्गता सम्बन्धी सामाग्री तथा समाचार प्रसारण प्रकाशन गर्ने पत्रकारहरू शर्मिला विश्वकर्मा, निमा लामा, रवि रिमाल र शंकर चैसरलाई राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले प्रमाण पत्र प्रदान गर्नु भएको थियो । उक्त कार्यक्रमको सञ्चालन राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव राजु बस्नेतले गर्नु भएको थियो ।

# अपाङ्गता मैत्री सार्वजनिक शौचालयको उद्घाटन

*८ पुस २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं ।*

अन्तर्राष्ट्रिय गैर सरकारी संघ (ए.आइ.इन.), फेल्म नेपाल, करुणा फाउण्डेशन, प्लान नेपाल लगायतका अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संयुक्त आयोजनामा काठमाण्डौंको भृकुटीमण्डपमा निर्माण गरिएको अपाङ्गता मैत्री सार्वजनिक शौचालयको उद्घाटन सम्पन्न भएको छ । सो अपाङ्गता मैत्री सार्वजनिक शौचालयको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि एवं समाज कल्याण परिषदका सदस्य सचिव डिल्लीप्रसाद भट्टले रिबन काटेर गर्नु भएको थियो । सो कार्यक्रममा अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण गर्नका लागि सहयोग पुऱ्याउनु हुने नेपाल अपाङ्ग महिला संघकी निर्मला धिताल, सि.वि.एम.का राष्ट्रिय निर्देशक प्रकाश वाग्ले, ए.आइ.एन.का अपाङ्गता कार्यसमूहका संयोजक शौरभ शर्मा, करुणा फाउण्डेशन, ए.आइ.एन.की स्वास्थ्य कार्यसमूहकी संयोजक निर्मला शर्मा, वाटर एड लाई कार्यक्रमका प्रमुख अतिथि एवं समाज कल्याण परिषदका सदस्य सचिव डिल्लीप्रसाद भट्ट र राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले सम्मान पत्र प्रदान गर्नु भएको थियो ।

सोही क्रममा सि.वि.एम.का राष्ट्रिय निर्देशक प्रकाश वाग्लेले राज्यका हरेक निकायहरूमा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच पुग्नु पर्ने बताउँदै यस अभियानमा सबैले साथ दिनु पर्ने कुरामा जोड दिनु भयो । त्यसैगरी कार्यक्रममा प्रमुख अतिथि एवं समाज कल्याण परिषदका सदस्य सचिव डिल्लीप्रसाद भट्टले आगामी दिनमा देशका विभिन्न ठाउँहरूमा अपाङ्गता मैत्री सार्वजनिक शौचालय निर्माण गर्न जरुरी रहेको बताउनु भयो । त्यसैगरी राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले विभिन्न सरकारी तथा गैरसरकारी निकायहरूले काम गर्ने क्रममा अपाङ्गता अनुकूलको वातावरण तयार गर्नु पर्ने बताउनु भयो । त्यसै गरी उहाँले अपाङ्गता भएका व्यक्तिहरूलाई यस्ता संघ संस्थाहरूको सँधै साथ र सहयोगको जरुरी रहेको बताउनु भयो । सो कार्यक्रममा ए.आइ.एन.ले सफलता प्राप्त गरेका केही अपाङ्गता भएका व्यक्तिहरूको सफलताको कथा सम्बन्धी र ए.आइ.एन.ले

गरेका गतिविधि सम्बन्धी तयार गरेको पुस्तक पनि समाज कल्याण परिषदका सदस्य सचिव डिल्लीप्रसाद भट्ट र राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीले संयुक्त रूपमा विमोचन गर्नु भएको थियो । उक्त कार्यक्रममा शारीरिक अपाङ्गता भएका व्यक्ति अमिर बमजनले आफ्नै शब्दमा गीत प्रस्तुत गर्नु भएको थियो भने अन्य अपाङ्गता भएका व्यक्तिहरूले नृत्य प्रस्तुत गर्नु भएको थियो ।

## मानव अधिकार रक्षक राष्ट्रिय भेला

*१४ पुस २०७३, शर्मिला विश्वकर्मा, धुलिखेल*

इन्सेक र डि.सि.ए. को संयुक्त आयोजनामा दुई दिने मानव अधिकार रक्षक राष्ट्रिय भेला काभ्रे जिल्लाको धुलिखेलमा सम्पन्न भयो । सो राष्ट्रिय भेला कार्यक्रममा सबैलाई स्वागत गर्दै इन्सेकका मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमले सबै नागरिकहरूको मानव अधिकारको




*इन्सेक र डि.सि.ए. को संयुक्त आयोजनामा सम्पन्न दुई दिने मानव अधिकार रक्षक राष्ट्रिय भेलाका सहभागीहरू ।* **तस्विर : भोजराज तिमल्सिना**

सुनिश्चतता हुनु पर्ने यसका लागि मानव अधिकार रक्षकहरू एकजुट हुनुपर्ने बताउनु भयो । सो दुई दिने मानव अधिकार रक्षक राष्ट्रिय भेलाको उद्घाटन कार्यक्रमका प्रमुख अतिथि तथा राष्ट्रिय मानव अधिकार आयोगका सदस्य गोविन्द शर्मा पौडेलले मैनबत्ती बालेर गर्नु भएको थियो । त्यसैगरी शुभकामना मन्तव्यका क्रममा प्रहरी उपरीक्षक श्याम ज्ञवालीले मानव अधिकार रक्षकहरूलाई आफ्नो निकायबाट पाठ्यक्रम विकास गरी प्रशिक्षण दिइएको बताउँदै सबै नागरिकहरूको मानव अधिकारको लागि काम गर्नु पर्ने बताउनु भयो । सो कार्यक्रममा इन्सेकका अध्यक्ष सुवोधराज प्याकुरेलले मानव अधिकार रक्षक जो पनि हुन सक्ने बताउँदै मानव अधिकार रक्षकले के गरेका छन् भनी खोजीनिती गर्नका साथै समस्याको पहिचान गरी न्यूनीकरणका लागि काम गर्न पर्ने र यसमा अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समावेश गर्न जरुरी रहेको बताउनु भयो । सो दुई दिने राष्ट्रिय भेलामा इन्सेकका पूर्वाञ्चल क्षेत्रीय संयोजक सोमराज थापाले मानव अधिकार रक्षक सम्मेलन र यसका उपलब्धिहरू, सम्झना श्रेष्ठले मानव अधिकार रक्षक सम्बन्धी अन्तर्राष्ट्रिय व्यवस्था र मस्यौदा विधेयक, अधिवक्ता टिकाध्वज खड्काले नेपालको संविधान, मानव अधिकार रक्षक र उनीहरूको अधिकार र कर्तव्यको विषयमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी उक्त दुई दिने मानव अधिकार रक्षक राष्ट्रिय भेलामा विभिन्न सन्धि तथा महासन्धिहरू मध्ये अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी महासन्धिमा उल्लेख भएका व्यवस्थाहरू र नेपालको संविधानमा उल्लेख गरिएका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई कार्यान्वयन गर्न सबै मानव अधिकार रक्षकहरूले पहल गर्नु पर्ने बताउनु भएको थियो । त्यसैगरी सो भेलामा दुई दिने कार्यक्रम पश्चात् समूहगत छलफल गरी घोषणापत्र पनि तयार गरिएको थियो । सो घोषणापत्रमा पनि विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूका सवालहरूलाई समावेश गरिएको थियो ।

**यस अपाङ्ग आवाज पत्रिकामा प्रकाशन गरिएका निजी विचार तथा लेखहरूले अपाङ्ग आवाज मासिक पत्रिकाको प्रतिनिधित्व गर्दैनन् ।**

**- सम्पादक**

# सार्वजनिक सुनुवाई कार्यक्रम

*८ पुस २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं ।*

नेपाल अपाङ्ग महिला संघको आयोजना तथा ओपन सोसाइटी फाउण्डेशनको सहयोगमा काठमाण्डौंमा अपाङ्गता भएका महिलाका सवालहरू सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रममा नेपाल अपाङ्ग महिला संघकी अध्यक्ष निर्मला धितालले गोरखा र धादिङ्ग जिल्लामा रहेका अपाङ्गता भएका महिलाहरूको अवस्था, त्यो क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरूका समस्याको विषयमा तयार पारिएको एक प्रस्तुति प्रस्तुत गर्नु भएको थियो । सो कार्यक्रममा नेत्रहिन युवा संघ नेपालका अध्यक्ष कलाधर भण्डारीले अपाङ्गता भएका व्यक्तिहरूले शिक्षा, स्वास्थ्य तथा रोजगारीमा विभिन्न समस्याहरूको सामना गर्नु परेको गुनासो गर्नु भयो भने मेरुदण्ड पक्षघात भएकी महिला देवी आचार्यले ह्वीलचिएर तथा अन्य सहयोग सामग्री प्रयोगकर्ता अपाङ्गता भएका व्यक्तिहरूलाई विद्यालय स्तरको शिक्षा लिने क्रममा छात्रवृत्तिको व्यवस्था गरिनु पर्ने बताउनु भयो । सो कार्यक्रममा गोरखा जिल्लाकी शारीरिक अपाङ्गता भएकी महिलाहरू विभिन्न हिंसाबाट पीडित भएको, अपाङ्गता परिचयपत्र र नागरिकता




*नेपाल अपाङ्ग महिला संघको आयोजनामा काठमाण्डौंमा सम्पन्न अपाङ्गता भएका महिलाका सवालहरू सम्बन्धी सार्वजनिक सुनुवाई कार्यक्रमको एक झलक ।* **तस्विर : गणेश सुवेदी**

नपाएको र उनीहरूको न्यायको लागि सबै एकजुट भएर काम गर्नुपर्ने कुरामा जोड दिनु भयो । त्यसैगरी नेपाल अपाङ्ग महिला संघकी महासचिव मीना पौडेलले विभिन्न जिल्लामा सर्वेक्षण गर्ने क्रममा अधिकांश अपाङ्गता भएका महिलाहरूले स्वास्थ्य उपचार नपाएको भेटिएको बताउनु भयो । यसै कार्यक्रममा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रकी अध्यक्ष तारा वदन सेडाईले सरकारले सञ्चालन गरेको पुनर्स्थापना गृहमा आर्थिक अवस्था कमजोर भएका अपाङ्गता भएका व्यक्तिहरूलाई पनि समेट्नुपर्ने कुरामा जोड दिनु भयो । नेपाल अपाङ्ग महिला संघले राजधानीमा आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा शिक्षा विभाग समाहित शिक्षा शाखाका प्रमुख एवं उपनिर्देशक गणेश पौडेलले यसै शैक्षिक सत्र देखि कक्षा ११ र १२ मा अध्ययन गर्ने अपाङ्गता भएका विद्यार्थीहरूलाई पनि छात्रवृत्ति उपलब्ध गराउने, अब बन्ने विद्यालयका भौतिक संरचनाहरू अपाङ्गता मैत्री बनाउने बताउनु भयो । त्यसैगरी महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय अपाङ्गता अधिकार प्रवर्द्धन शाखाका उपसचिव केशव भट्टराईले अपाङ्गता भएका व्यक्तिहरूका यस्ता समस्या समाधानको लागि मन्त्रालयले सँधै सहयोग गर्ने बताउनु भयो । उक्त कार्यक्रमकी प्रमुख अतिथि एवं राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य मोहना अन्सारीले अपाङ्गता भएका व्यक्तिहरूका यस्ता समस्या न्यूनीकरणको लागि सक्दो सहयोग गर्ने बताउँदै नेपाल सरकारले अपाङ्गता भएका व्यक्तिहरूको यस्ता समस्या न्यूनीकरणको लागि विशेष कार्यक्रमहरू ल्याउनु पर्ने कुरामा जोड दिनु भयो ।

## बोसिया खेल सम्पन्न

*१७ पुस २०७३, सुनिल वि.क., काठमाण्डौं ।*

नेपाल बोसिया संघको आयोजना तथा जापान-नेपाल शिक्षा मैत्री समाजको सहयोगमा नयाँ वर्ष सन् २०१७ को अवसरमा काठमाण्डौंमा पूर्ण तथा अति अशक्त अपाङ्गता भएका व्यक्तिहरू बीच बोसिया खेलको आयोजना गरियो । सो कार्यक्रममा नेपाल बोसिया संघकी अध्यक्ष गोमा देवी पौडेलले बोसिया खेलको बारे प्रस्ट पार्दै सो कार्यक्रमलाई सफल बनाउन सहयोग पुर्याउने जापान-नेपाल शिक्षा मैत्री समाज लगायतका सम्पूर्णलाई धन्यवाद

दिनु भयो । सोही क्रममा मेरुदण्ड पक्षघात खेलकुद संघकी अध्यक्ष गायत्री दाहालले अपाङ्गता भएका व्यक्तिहरूको खेलकुदलाई गाउँ-गाउँ सम्म लैजानको लागि र समाजमा अपाङ्गता भएका व्यक्तिहरू पनि खेलकुदमा संलग्न हुन सक्छन् भन्ने जनचेतना फैलाउन आफ्नो संस्था प्रयासरत रहेको बताउनु भयो । त्यसै गरी कार्यक्रमका प्रमुख अतिथि एवं समाज कल्याण परिषदका उपाध्यक्ष नीलमनी बरालले मानसिक साथै शारीरिक विकासका लागि खेलकुद अन्य व्यक्ति सरह अपाङ्गता भएका व्यक्तिको लागि पनि उतिकै जरुरी हुने बताउँदै यस्ता खेलकुदका कार्यक्रमहरूलाई आगामी दिनमा काठमाण्डौंमा मात्र सीमित नराखी प्रत्येक जिल्ला-जिल्लामा पुऱ्याउनको लागि समाज कल्याण परिषदको तर्फबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता जनाउनु भयो । उक्त कार्यक्रममा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका महासचिव राजु बस्नेतले अपाङ्गता भएका व्यक्तिहरूको खेलकुदको विकासको लागि बोसिया खेल लगायतका अन्य खेललाई राष्ट्रिय स्तरको मान्यता दिइनु पर्ने कुरामा जोड दिनु भयो । सो कार्यक्रममा बोसिया खेलमा पूर्ण तथा अति असक्त अपाङ्गता भएका ३० व्यक्तिहरूको सहभागिता रहेको थियो । सो खेलमा प्रथम, द्वितीय र तृतीय हुनुहुने खेलाडीहरूलाई कार्यक्रमका प्रमुख अतिथि एवं समाज कल्याण परिषदका उपाध्यक्ष नीलमनी बराल ज्यूको हातबाट शील्ड वितरण गरिएको थियो भने कार्यक्रमको संचालन शारीरिक अपाङ्गता भएकी महिला देवकला पराजुलीले गर्नुभएको थियो ।

## तनहुँमा सहायक सामाग्री वितरण

*३ माघ २०७३, मदन पौडेल, तनहुँ*

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपाको आयोजना र अपाङ्गता भएका व्यक्तिहरूका लागि श्रोत केन्द्र (रिसेड) को संयोजनमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरूलाई सहायक सामाग्री वितरण गरियो । सो कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि तथा व्यास नगरपालिकाका कार्यकारी अधिकृत डिल्लीराम सिग्देलले सहायक सामाग्री वितरण गर्दै तनहुँ जिल्लामा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई




*अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपाको आयोजना र अपाङ्गता भएका व्यक्तिहरूका लागि श्रोत केन्द्र (रिसेड) को संयोजनमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरूलाई सहायक सामाग्री वितरण कार्यक्रमको एक झलक ।* **तस्विर : मदन पौडेल**

आवश्यक परेको सहयोग गर्ने बताउनु भयो । उक्त कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय तनहुँका जनस्वास्थ्य अधिकृत चन्द्रमणी अधिकारी, घरेलु तथा साना उद्योग विकास समितिका प्राविधिक अधिकृत विश्वभद्र खनाल, महिला तथा बालबालिका कार्यालयका सामाजिक सुरक्षा शाखाका प्रमुख राधा वाग्ले, अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र बनेपाका उर्मिला एम. डोटेल, सि.वि.आर. नेटवर्क तनहुँका संयोजक विष्णु प्रसाद गौतम र सेतो गुराँस बाल विकास सेवाका सरिता भण्डारी लगायतले शुभकामना व्यक्त गर्नु भएको थियो ।

## भूकम्पको चुनौतीको विषयमा अनुभव आदान प्रदान कार्यक्रम

*५ माघ २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं*

अपाङ्गता भएका व्यक्तिको लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौं र इरुका (**IRUKA)** तथा जाइका (**JICA)**को सहयोगमा भूकम्प पश्चात् अपाङ्गता भएका व्यक्तिहरूको अवस्था, अपाङ्गता भएका व्यक्तिको लागि

स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंले गरेको सहयोग साथै नेपाल र भारतमा भूकम्पको समयमा भएको चुनौतीको बारेमा अनुभव आदान प्रदान कार्यक्रम काठमाण्डौंमा सम्पन्न भयो । सो कार्यक्रममा अपाङ्गता भएका व्यक्तिको लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंले भूकम्पको समयमा गर्दै आएको कार्यको बारेमा संस्थाका महासचिव कृष्ण गौतमले जानकारी व्यक्तिको लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंका अध्यक्ष गणेश के.सी. ले अब यो संस्थाले वर्षको लागि नेपालमा रहेका भूकम्प पश्चात् विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्न लागेको जानकारी दिनु भयो । सो कार्यक्रममा जापानका प्रतिनिधि राइको सान **Raiko San** ले जापानमा भूकम्पको कारण अपाङ्गता भएका व्यक्तिहरूले भोग्न परेका चुनौतीहरू र



*अपाङ्गता भएका व्यक्तिको लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंको आयोजनामा भूकम्प पश्चात् अपाङ्गता भएका व्यक्तिहरूको अवस्थाको बारेमा अनुभव आदान प्रदान कार्यक्रमको एक झलक ।* **तस्विर : शर्मिला विश्वकर्मा**

गराउनु भएको थियो । सो कार्यक्रममा आयोजक संस्थाकी कोषाध्यक्ष देवी आचार्यले संस्थाले भूकम्प पश्चात् घर भित्र नै रहन बाध्य भएका अपाङ्गता भएका व्यक्तिहरूको उद्धारको लागि काम गर्दै आएको बताउनु भएको थियो । त्यसै गरी उक्त कार्यक्रममा अपाङ्गता भएका भूकम्पले पारेको असरको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । यसै क्रममा उहाँले यो यस विषयमा सबै मिलेर काम गर्नु पर्ने बताउनु भयो । त्यसै गरी अपाङ्गता भएका व्यक्तिको लागि स्वावलम्बन जीवन पद्धति केन्द्र काठमाण्डौंका कार्यक्रम व्यवस्थापक दिपा

उपाध्यायले नेपालमा भूकम्पको कारण जीवन यापन गर्ने क्रममा भोग्न परेका समस्याको बारेमा र भूकम्पको समयमा अपाङ्गता भएका व्यक्तिहरूलाई गरिएको सहयोगको बारेमा कार्यपत्र प्रस्तुत गर्नु भएको थियो । उक्त कार्यक्रममा सहभागीहरूले भूकम्पको समयमा कसरी सुरक्षित रहने, यो कार्यक्रममा सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूलाई समावेश गर्नु पर्ने, यो कार्यको लागि सबै संघ संस्थाहरूको सहयोगको आवश्यक रहेको बताउनु भएको थियो । साथै सहभागीहरूले भूकम्पको समयमा कसरी सुरक्षित रहने भन्ने बारेमा विशेष गरी अपाङ्गता भएका व्यक्तिहरू र उनीहरूका अभिभावकहरूलाई तालिम दिनु पर्ने कुरामा पनि जोड दिनु भएको थियो ।

## स्वर्गीय खगेन्द्र बहादुर बस्नेतको ८९ औं जन्म जयन्ती मनाइयो

*५ माघ २०७३, शर्मिला विश्वकर्मा, काठमाण्डौं*

नेपाल अपाङ्ग संघका संस्थापक अध्यक्ष खगेन्द्र बहादुर बस्नेतको ८९ औं जन्म जयन्ती काठमाण्डौंमा मनाइयो । उहाँको जन्म जयन्तीको अवसरमा काठमाण्डौंको जोरपाटीबाट बाजागाजा सहित र्‍याली निकालिएको थियो । उक्त र्‍याली नेपाल अपाङ्ग संघको खगेन्द्र नवजीवन केन्द्रमा कोण सभामा गएर परिणत भएको थियो । उक्त कार्यक्रममा नेपाल अपाङ्ग खगेन्द्र नवजीवन केन्द्र काठमाण्डौंका शाखाका सभापति शिवहरी पौडेलले उहाँले अपाङ्गता जगतमा पुर्‍याउनु भएको योगदानको स्मरण गर्दै अब बन्ने सबै संरचनाहरू अपाङ्गता मैत्री बनाउने कुरामा जोड दिने बताउनु भयो । त्यसै गरी नेपाल पारा ओलम्पिक कमिटिका अध्यक्ष दिपक कोइरालाले खगेन्द्र बहादुर बस्नेतले अपाङ्गता भएका व्यक्तिहरूको लागि आवास सहित शिक्षा तथा तालिमको व्यवस्था गरेर ठूलो योगदान दिनु भएको बताउँदै आगामी दिनमा हामीहरूले उहाँकै प्रेरणा अनुसार सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको लागि काम गर्नु पर्ने बताउनु भयो भने नेपाल ह्वीलचिएर क्लबका अध्यक्ष ढुण्डिराज चालिसेले स्वर्गीय खगेन्द्र बहादुर बस्नेतको प्रेरणाले आज आफ्नो जीवन सफल भएको बताउनु भयो । उक्त कार्यक्रमका प्रमुख अतिथि एवं महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयका सचिव विष्णु प्रसाद लमसालले




*नेपाल अपाङ्ग संघका संस्थापक अध्यक्ष खगेन्द्र बहादुर बस्नेतको ८९ औं जन्म जयन्तीको अवसरमा काठमाण्डौंमा आयोजित कार्यक्रमको एक झलक* / तस्विर : शर्मिला विश्वकर्मा

अपाङ्गता भएका व्यक्तिहरूको पुनर्स्थापना लागि राज्यको तर्फबाट सक्दो सहयोग गर्ने बताउनु भयो । त्यसै गरी नेपाल अपाङ्ग संघका अध्यक्ष मोहन महर्जनले स्वर्गीय खगेन्द्र बहादुर बस्नेतले यो संस्थाको स्थापना गरेर अपाङ्गता जगतमा ठूलो योगदान पुर्‍याउनु भएको बताउनु भयो । यसका साथै उहाँले राज्यले अपाङ्गता भएका व्यक्तिहरूलाई अवसर दिनु पर्ने बताउनु भयो । त्यसै गरी विभिन्न समयमा विभिन्न खेलकुदमा सहभागी भएका अपाङ्गता भएका व्यक्तिहरूलाई पुरस्कार तथा प्रमाण पत्र वितरण पनि गरिएको थियो ।

के तपाई अपाङ्ग आवाज मासिक पत्रिकाको ग्राहक बन्न चाहनु हुन्छ ?

के तपाईले अपाङ्ग आवाज मासिक पत्रिका पढ्नु भयो ? यदि तपाई अपाङ्ग आवाज मासिक पत्रिका पढ्न र ग्राहक बन्न चाहनु हुन्छ भने

हामीलाई सिधा सम्पर्क गर्नु होस्

फोन नं : ०१-४९११०९२

अपाङ्ग आवाज
मासिक

## उपचार तथा पुनर्स्थापना शिविर सम्पन्न

*८ माघ २०७३, दल बहादुर सुनार, बर्दिया*

अपाङ्ग बाल अस्पताल तथा पुनर्स्थापना केन्द्र, मध्य पश्चिमाञ्चल क्षेत्रीय कार्यालय नेपालगन्ज र बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्र गुलरियाको संयुक्त आयोजनामा शारीरिक अपाङ्गता भएका बाल बालिकाहरूको लागि २ दिने उपचार तथा पुनर्स्थापना शिविर बर्दियामा सम्पन्न भएको छ । जिल्ला अस्पताल बर्दिया र राजपुर स्वास्थ्य केन्द्रमा सम्पन्न भएको सो शिविरबाट १ सय ५८ जना शारीरिक अपाङ्गता भएका बालबालिका लाभान्वित भएका छन् । त्यसै गरि जिल्ला स्वास्थ्य कार्यालय बर्दियाको समन्वय तथा प्लान इन्टरनेशनल बाँकेको साझेदारीमा सञ्चालित शिविरमा पनि ६६ जना नयाँ र ९२ जना पुराना बालबालिकाहरूको पनि स्वास्थ्य परीक्षण गरिएको थियो । त्यसै गरि जिल्ला अस्पताल र राजपुर बर्दियामा सम्पन्न शिविर २२ जनालाई शल्यक्रियाको लागि अस्पताल भर्नाको लागि सिफारिस गरिएको थियो भने ३१ जनाको सहयोगी सामाग्रीको लागि नाप जाँच, १३ जनालाई सहायक सामाग्री प्रदान गरिएको थियो भने ५ जनालाई उपचारको लागि अन्य अस्पतालमा सिफारिस गरिएको र ८७ जनालाई फिजियोथेरापी तथा परामर्श सेवा प्रदान गरिएको अपाङ्ग बाल अस्पतालका क्षेत्रीय कार्यालयका प्रमुख वासुदेव जोशीले जानकारी दिनु भयो । सो शिविरमा १८ वर्ष सम्मका शारीरिक अपाङ्गता भएका बालबालिकाहरूको जन्मजात पैताला बाङ्गो र अन् विकृतहरू भएको, पोलियो लागेको, हात खुट्टा कमजोर भएको, जोर्नी दुख्ने, सुनिने र फुस्किएको, आगोले पोलेर जोर्नीहरू खुम्चिएको, हाडको टिबी. भएको, हाड पाक्ने रोग, जन्म वा जन्म पश्चात् शरीरको अंगभंग भएको लगायतका समस्याहरूको परीक्षण गरिएको आयोजक संस्थाले जनाएको छ ।

## भूकम्प पीडित अपाङ्गता भएका किस्मत र केशव पौडेललाई घर हस्तान्तरण गरियो

*२८ माघ २०७३ संगिता पौडेल, पर्वत*

कुश्मा नगरपालिका १७ पकुवा निवासी न्यून दृष्टियुक्त अपाङ्गता भएका किस्मत पौडेल र केशव पौडेललाई आइ.एन.एफ. नेपाल पोखरा र नेपाल अपाङ्ग उत्थान समाज पर्वतको आर्थिक सहयोगमा घर निर्माण गरी हस्तान्तरण गरिएको छ । २ कोठे अपाङ्गता मैत्री शौचालय सहितको २

लाख ३० हजार नगद र २ लाख ७० हजार बराबरको जन श्रमदान गरी करिब ५ लाख बराबरको लागतमा उक्त निर्माण कार्य सम्पन्न भएको नेपाल अपाङ्ग उत्थान समाज पर्वतका अध्यक्ष गणेश सुवेदीले बताउनु भयो । उक्त घर हस्तान्तरण कार्यक्रमको उद्घाटनका क्रममा आइ.एन.एफ. पोखराका निर्देशक गंगा सुवेदीले अपाङ्गता भएका व्यक्तिहरूलाई समाजले सकारात्मक दृष्टिकोण राख्नुको साथै समान व्यवहार गर्नु पर्ने बताउनु भयो । त्यस्तै गरी सो कार्यक्रममा नेकपा एमाले गाउँ अध्यक्ष राजेन्द्र सुवेदी, माओवादी प्रतिनिधि लालप्रसाद पौडेल, वडा अध्यक्ष विष्णु पौडेल लगायतले शुभकामना व्यक्त गर्नु भएको थियो । कार्यक्रममा किस्मतका बुवा षडानन्द पौडेलले आइ.एन.एफ. नेपाल पोखरा र नेपाल अपाङ्ग उत्थान समाज पर्वतले आफ्ना दृष्टिविहिन भएका छोराहरूलाई यसरी घर निर्माण गरेर उपलब्ध गराएकोमा धन्यवाद दिनु भएको थियो । सो घर हस्तान्तरण कार्यक्रम नेपाल अपाङ्ग उत्थान समाज पर्वतका अध्यक्ष गणेश सुवेदीको अध्यक्षता सञ्चालन भएको थियो भने संस्थाका कार्यक्रम संयोजक जगन्नाथ शर्माले संचालन गर्नु भएको थियो ।

## बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रको ५ औ अधिवेशन तथा सम्मान कार्यक्रम सम्पन्न

*२१ माघ २०७३, दलबहादुर सुनार, बर्दिया*

बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रको १३ औ साधारण सभा तथा ५ औ अधिवेशन बर्दियाको गुलरियामा सम्पन्न भयो । सो साधारण सभा तथा ५ औ अधिवेशन कार्यक्रम संस्थाका अध्यक्ष दल बहादुर सुनारको अध्यक्षतामा तथा नागरिक समाज सञ्जाल बर्दियाका संयोजक बालकृष्ण ओलीको प्रमुख आतिथ्यता र राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीको विशेष आतिथ्यमा सम्पन्न भएको थियो । बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रको १३ औ साधारण सभा तथा ५ औ अधिवेशनको अवसरमा अपाङ्गता भएका व्यक्तिहरूको हक हित, संरक्षण संवर्धन र पुनर्स्थापनाको लागि अतुलनीय योगदान पुऱ्याउनु भएको भनि राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदी र नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका महासचिव जगदिश प्रसाद अधिकारी, जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रशासकीय अधिकृत अर्जुन सुवेदी र पूर्व प्रशासकीय अधिकृत कृष्णराज पन्तलाई दोसल्ला ओढाएर सम्मान पत्रका साथ



*बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रद्वारा राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदीलाई सम्मान गर्दाको एक झलक ।* **तस्विर : दल बहादुर सुनार**

सम्मान गरिएको थियो । बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रको १३ औ साधारण सभा तथा ५ औ अधिवेशनले कृष्ण बहादुर क्षेत्रीको अध्यक्षतामा ९ सदस्य कार्यसमिति सर्वसम्मत चयन गरेको छ । जसमा उपाध्यक्षमा वेदनाथ पनेरु, सचिवमा इन्द्र बहादुर थारु, सह-सचिवमा हरि प्रसाद पौडेल, कोषाध्यक्षमा गीता अधिकारी चयन हुनु भएको छ भने सदस्यहरूमा दामोदर डोटेल, सविना थारु, सन्तोष देवकोटा र शारदा पौडेल रहनु भएको छ । सो कार्यक्रममा नागरिक समाज सञ्जाल बर्दियाका संयोजक बालकृष्ण ओली, राष्ट्रिय अपाङ्ग महासंघ नेपालका अध्यक्ष सुदर्शन सुवेदी, नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका महासचिव जगदिश प्रसाद अधिकारी, मानव अधिकार एलाइन्सका अध्यक्ष केशव बहादुर जि. सी., इन्सेक बर्दियाका जिल्ला प्रतिनिधि मान बहादुर चौधरी, सामुदायिक बन उपभोक्ता महासंघ बर्दियाका मुकुन्द सुवेदी लगायतले शुभकामना मन्तव्य राख्नु भएको थियो ।



*बर्दिया अपाङ्ग पुनर्स्थापना केन्द्रद्वारा नेपाल अपाङ्ग मानव अधिकार केन्द्रका महासचिव जगदिश प्रसाद अधिकारीलाई सम्मान गर्दाको एक झलक ।* **तस्विर : दल बहादुर सुनार**